# पुर्चौंडी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुर्चौंडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हाँट, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प.सं.२०७९/८० हाँट, बैतडी

च.नं. सुदूरपश्चिम प्रदेश,नेपाल

मितिः२०८०।०२।३२

**विषय: विषय विज्ञ (रोष्टर) सूचीमा सुचीकृत हुन आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

यस नगरपालिका अन्तर्गत सन्चालित विद्यालयहरुमा हुने विभिन्न तह र श्रेणीका अस्थायी करार/ राहत एवम विद्यालय कर्मचारी छनौट तथा पदपुर्ती गर्ने प्रयोजनका लागि पुर्चौंडी नगरपालिकाको, विज्ञ (रोष्टर) सूची अध्यावधिक गर्नु पर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक ब्यक्तिहरुले मिति २०८०।०३।१४ गते भित्र यस नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा तपशिल बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुले तपशिल बमोजिमका कागजात सहित आवेदन पेश गर्न हुन अनुरोध गरिन्छ।

२०८०/२/३२

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

१. आधारभूत तह (१-५) को विज्ञको लागि वाञ्छनीय योग्यता।

- यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्राथमिक/निम्नमाध्यमिक/माध्यिमक तहमा स्थायी नियुक्ती भई कम्तिमा पाँच वर्ष सेवा अवधी पुरा गरेको र मान्यातांप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरेको।

२. आधारभूत तह (६-८) को विज्ञको लागि वाञ्छनीय योग्यता।

- यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा निम्नमाध्यमिक/माध्यमिक तहमा स्थायी नियुक्ती भई कम्तिमा पाँच वर्ष सेवा अवधी पुरा गरेको र मान्याताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरेको।

३. माध्यमिक तह (९-१०) को विज्ञको लागि वाञ्छनीय योग्यता।

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा स्थायी नियुक्ती भई कम्तिमा पाँच वर्ष सेवा अवधी पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।

तपशिलः

- नेपाली नागरिकताको प्रमाणपत्र।
- शैक्षिक योग्यताका प्रमाणपत्रहरु।
- स्थायी नियुक्ती पत्र।

वोधार्थः श्री सूचना प्रविधि शाखा पुर्चौंडी नगरपालिका प्रकाशित सूचनालाई नगरपालिकाको वेवसाईटमा अपलोड गरिदिनहुन।